# निर्दिष्ट प्राविधिक सीपमा आउने विदेशीको लागि ह्याण्डबुक

रेइवा 5 साल 3 महिना

**एट ग्लोबल कम्पनी**
**(स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयबाट सुम्पिइएको प्रोजेक्ट)**

# परिचय

सन् 2019 सालको अप्रिल महिनादेखि बसोबास योग्यता "निर्दिष्ट प्राविधिक सीप"-को सञ्चालन सुरु भयो, जुन बसोबास योग्यताको लागि सन् 2019 देखि 2023 सम्मको 5 वर्षमा 3 लाख 45 हजार जनालाई स्वीकार गर्ने अपेक्षा गरिएको छ।
"निर्दिष्ट प्राविधिक सीप"-मा काम गर्न सक्ने क्षेत्र अहिले 12 वटा छन् अनि बिल्डिंग क्लिनिंग क्षेत्रमा 35, 000 जनालाई स्वीकार गर्ने अपेक्षा गरिएको छ।

यस गाइडबुकको संरचना यसप्रकार छ:

1. बसोबास योग्यता "निर्दिष्ट प्राविधिक सीप (1)"-को सारांश
2. बसोबास योग्यता "निर्दिष्ट प्राविधिक सीप (1)"-को माध्यमबाट काम गर्नको लागि याद गर्नुपर्ने कुराहरू
3. बिल्डिंग क्लिनिंग क्षेत्रको "निर्दिष्ट प्राविधिक सीप (1)"
4. जापानमा प्रवेश गर्न र जीवनयापन गर्नको लागि दिइने समर्थनको परिचय

यस गाइडबुकमा विदेशी उमेदवारहरूले यस निर्दिष्ट प्राविधिक सीप प्रणालीको उपयोग गरी बिल्डिंग क्लिनिंग क्षेत्रको माध्यमबाट जागिर पाउन के-कस्ता कुराहरू आवश्यक पर्छन्, ती महत्त्वपूर्ण कुराहरू बुझ्न सजिलो हुनेगरि व्याख्या गरिएको छ।

हाल बिल्डिंग क्लिनिंग क्षेत्रमा काम गर्ने निर्दिष्ट प्राविधिक सीप वर्गका विदेशीहरूको सङ्ख्या 1, 133 जना छ (रेइवा 4 (सन् 2022) साल जून मसान्त)। क्रमशः निर्दिष्ट प्राविधिक सीपको विदेशीहरूको सङ्ख्या बढ्दै गएको यो बिल्डिंग क्लिनिंग क्षेत्रको काम वास्तवमा कस्तो कार्य हो, त्यसबारे यस सामग्रीमार्फत तपाईं राम्रोसँग बुझ्न सक्नुहोस् भनी हामी कामना गर्छौं।

यो गाइडबुक स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयले हामीलाई सुम्पिदिएको "बिल्डिंग क्लिनिंग क्षेत्रमा विदेशी मानव संसाधन स्वीकार गर्ने प्रणालीलाई अनुकूल पार्न गरिने सर्वेक्षण" भन्ने प्रोजेक्टमा बनाएको हो। यो गाइडबुकले निर्दिष्ट प्राविधिक सीप अन्तर्गत बिल्डिंग क्लिनिंग क्षेत्रमा जागिर खान कदम चाल्नको लागि मदत पुग्छ भने हामी खुसी छौं।

स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयबाट सुम्पिइएको प्रोजेक्ट "बिल्डिंग क्लिनिंग क्षेत्रमा विदेशी मानव संसाधन स्वीकार गर्ने प्रणालीलाई अनुकूल पार्न गरिने सर्वेक्षण"
रेइवा 4 सालमा प्रोजेक्ट सुम्पिइएको कम्पनी एट ग्लोबल

परिचय ........ 2

1 बसोबास योग्यता "निर्दिष्ट प्राविधिक सीप (1)" ........ 4

1. 1 "निर्दिष्ट प्राविधिक सीप (1)"-को विशेषता ........ 4

2 बसोबास योग्यता "निर्दिष्ट प्राविधिक सीप (1)"-को माध्यमबाट काम गर्नको लागि याद गर्नुपर्ने कुराहरू ........ 6

2. 1 निर्दिष्ट प्राविधिक सीप (1)-को माध्यमबाट काम गर्नको लागियाद गर्नुपर्ने कुराहरू (कम्पनी प्रवेशसम्मको चरण) ........ 6

2. 2 "निर्दिष्ट प्राविधिक सीप (1)"-को माध्यमबाट काम गर्नको लागि सर्तहरू ........ 8

3 बिल्डिंग क्लिनिंग क्षेत्रको "निर्दिष्ट प्राविधिक सीप (1)" ........ 9

3. 1 बिल्डिंग क्लिनिंग भनेको कस्तो काम हो? ........ 9

3. 1. 1 सफाइ गर्ने ठाउँहरू ........ 9

3. 1. 2 सफाइ गर्ने तरिका ........ 9

3. 1. 3 बिल्डिंग क्लिनिंग कम्पनीको तलब ........ 11

3. 1. 4 करियर वृद्धि ........ 11

3. 1. 5 जापानमा आएर बिल्डिंग क्लिनिंगको काम गरेकाहरूको अनुभव सुनौँ ........ 12

3. 1. 6 काम कसरी खोज्ने? ........ 13

3. 1. 7 बिल्डिंग क्लिनिंग क्षेत्रमा "निर्दिष्ट प्राविधिक सीप (1)" हासिल गर्न के गर्नुपर्छ? ........ 13

3. 1. 8 परीक्षाको लागि कसरी अध्ययन गर्ने? ........ 14

3. 1. 9 बिल्डिंग क्लिनिंग प्राविधिक सीप परीक्षाको विषयवस्तु ........ 15

4 जापानमा प्रवेश गर्न र जीवनयापन गर्नको लागि दिइने समर्थनको परिचय ........ 17

5 निष्कर्ष ........ 18

# 1 बसोबास योग्यता "निर्दिष्ट प्राविधिक सीप (1)"

## 1.1 "निर्दिष्ट प्राविधिक सीप (1)"-को विशेषता

1. निर्दिष्ट प्राविधिक सीप भनेको यस्तो बसोबास योग्यता हो, जुन जापानले सामना गरेको जनशक्तिमा अत्यन्तै कमी आएको अवस्थाको समाधान गर्ने उद्देश्यले एउटा निश्चित स्तरको विशेषज्ञता र सीप भएका अनि दक्ष कामदारको रूपमा काम गर्न तयार भएका विदेशीहरूले काम गर्न पाउँछन्। निर्दिष्ट प्राविधिक सीप (1) र (2) दुई प्रकारका छन्।
2. "निर्दिष्ट प्राविधिक सीप (1)" वा "निर्दिष्ट प्राविधिक सीप (2)" प्राप्त गरेका व्यक्तिले प्रकारअनुसार निम्न उद्योगहरूमा काम गर्न सक्छन्।

※यस पुस्तिकामा बिल्डिंग क्लिनिंग उद्योगमा संलग्न गरी "निर्दिष्ट प्राविधिक सीप (1)"-को योग्यता प्रयोग गरेर काम गर्ने अवस्थाबारे चर्चा गरिएको छ।

| उद्योगका प्रकारहरू | निर्दिष्ट प्राविधिक सीप (1) | निर्दिष्ट प्राविधिक सीप (2) |
|---|---|---|
| नर्सिङ केयर | ○ | |
| **बिल्डिंग क्लिनिंग** | ○ | |
| कच्चा पार्टपुर्जा सामग्री, औद्योगिक मेसिन निर्माण, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक सूचनासम्बन्धी उद्योग | ○ | |
| निर्माण | ○ | ○ |
| पानीजहाज निर्माण तथा जहाजका पार्टपुर्जा निर्माण उद्योग | ○ | ○ |
| कार मर्मतसम्भार | ○ | |
| उड्डयन | ○ | |
| अस्थायी वास | ○ | |
| कृषि | ○ | |
| मत्स्य उद्योग | ○ | |
| खाद्य र पेय पदार्थ उत्पादन उद्योग | ○ | |
| रेस्टुरेन्ट उद्योग | ○ | |

3. तपाईंले बिल्डिंग क्लिनिंग क्षेत्रमा प्राविधिक प्रशिक्षण (2)-सम्म पूरा गरेको खण्डमा निर्दिष्ट प्राविधिक सीप (1) प्राप्त गर्न सक्नुहुनेछ।

4. तपाईँले बिल्डिंग क्लिनिंग क्षेत्रमा प्राविधिक प्रशिक्षण (2)-सम्म पूरा नगरेको भए पनि परीक्षा (प्राविधिक परीक्षा, जापानी भाषा परीक्षा) दिएर उत्तीर्ण हुनुभयो भने "निर्दिष्ट प्राविधिक सीप (1)" प्राप्त गर्न सक्नुहुनेछ।[1]
5. निर्दिष्ट प्राविधिक सीप (1) पाएका व्यक्तिले बढीमा 5 वर्षसम्म काम गर्न सक्छन्। जागिर परिवर्तन गर्न पनि मिल्छ।
6. मापदण्डहरू पूरा गरेको खण्डमा "इन्जिनियर, मानविकी, अन्तरराष्ट्रिय विशेषज्ञ" जस्ता अन्य बसोबास योग्यतामा परिवर्तन गर्न पनि सकिन्छ।

[1] कुनै प्राविधिक प्रशिक्षार्थीले एउटै कार्य क्षेत्रमा निर्दिष्ट प्राविधिक सीप (1)-मा परिवर्तन गर्ने हो भने परीक्षा उत्तीर्ण भएको (प्राविधिक र जापानी भाषा दुवै) हुनु पर्दैन। तर प्राविधिक प्रशिक्षण पूरा गरेपछि फरक कार्य क्षेत्रमा निर्दिष्ट प्राविधीक सीप (1)-को योग्यताको माध्यमबाट काम गर्ने हो भने त्यही कार्य क्षेत्रको प्राविधिक परीक्षामा उत्तीर्ण भएको हुनुपर्छ।

# 2 बसोबास योग्यता "निर्दिष्ट प्राविधिक सीप (1)"-को माध्यमबाट काम गर्नको लागि याद गर्नुपर्ने कुराहरू

## 2.1 निर्दिष्ट प्राविधिक सीप (1)-को माध्यमबाट काम गर्नको लागि याद गर्नुपर्ने कुराहरू (कम्पनी प्रवेशसम्मको चरण)

1. तपाईं हाल जापानमा हुनुहुन्छ र प्राविधिक प्रशिक्षार्थीको रूपमा काम गर्दै हुनुहुन्छ भने




- बिल्डिंग क्लिनिंग क्षेत्रका प्राविधिक प्रशिक्षार्थीहरूले प्राविधिक प्रशिक्षण (2) राम्रोसँग पूरा गरेको खण्डमा जापानी भाषा परीक्षा तथा प्राविधिक सीप परीक्षा दुवै दिनुपर्दैन, जसले गर्दा प्रक्रिया सहज हुनेछ।
- बिल्डिंग क्लिनिंग क्षेत्रबाहेकका प्राविधिक प्रशिक्षार्थीले जापानी भाषा परीक्षा उत्तीर्ण गर्नुपर्दैन तर बिल्डिंग क्लिनिंग क्षेत्रको निर्दिष्ट प्राविधिक सीप (1) मूल्याङ्कन परीक्षा उत्तीर्ण गरेर बिल्डिंग क्लिनिंग कम्पनीबाट जागिरको प्रस्ताव प्राप्त गर्नुपर्नेछ वा गर्नुपर्छ। हाल कार्यरत कम्पनीसँग राम्रोसँग सल्लाह गरेपछि मात्र परीक्षाको तयारी र अर्को जागिर खोज्ने काम सुरु गर्नुहोस्।

2. तपाईं हाल प्रवासी विद्यार्थीको रूपमा जापानमा बस्दै हुनुहुन्छ भने



- अहिले जापानमा अध्ययन गर्ने विदेशी विद्यार्थीको लागि एउटा नियम छ, जसमा उनीहरूले हप्तामा 28 घण्टासम्म मात्र आंशिक समय काम गर्न पाउँछन्। यो नियम उल्लङ्घन गरेको खण्डमा बसोबास योग्यता प्रदान नगरिने वा रद्द गरिने सम्भावना छ भन्ने कुरामा ध्यान दिनुहोस्।
  ※ कुनै-कुनै विदेशी विद्यार्थीहरूले उपाधि-पत्र नभएकोले निर्दिष्ट प्राविधिक सीपमा बसोबास योग्यता परिवर्तन गर्न नपाएको उदाहरणहरू पनि छ। त्यसकारण विद्यालयमा अन्तसम्म पढेर स्नातक गरी उपाधि-पत्र प्राप्त गर्नुहोस्।

3. तपाईँले पहिले प्राविधिक प्रशिक्षण लिनुभएको थियो तर हाल जापान बाहिर बस्नुहुन्छ भने

बिल्डिंग क्लिनिंग क्षेत्रमा प्राविधिक प्रशिक्षण (2) पूरा गर्नुभएको थियो भने




- प्राविधिक प्रशिक्षण (2) पूरा गरेर आफ्नो देशमा फर्केपछि फेरि जापानमा काम गर्न मन लाग्यो भने "निर्दिष्ट प्राविधिक सीप (1)"-को योग्यतामा पुनः रोजगार पाउन सकिन्छ।
- जसले बिल्डिंग क्लिनिंग उद्योग प्रकारको प्राविधिक प्रशिक्षण (2) पूरा गरे र जो "निर्दिष्ट प्राविधिक सीप (1)"-को माध्यमबाट काम गर्न चाहन्छन् त्यस्ता व्यक्तिले परीक्षा दिनुपर्दैन।

बिल्डिंग क्लिनिंग बाहेकको क्षेत्रमा प्राविधिक प्रशिक्षण (2) पूरा गर्नुभएको थियो भने




- अन्य उद्योगहरूको प्राविधिक प्रशिक्षण (2) पूरा गरेपछि आफ्नो देशमा फर्केको व्यक्तिले जापानी भाषाको परीक्षा दिनुपर्दैन। यद्यपि तिनी बिल्डिंग क्लिनिंग क्षेत्र निर्दिष्ट प्राविधिक सीप (1)-को मूल्याङ्कन परीक्षामा उत्तीर्ण भएको हुनुपर्छ।

4. तपाईं हाल जापानबाहिर हुनुहुन्छ र जापानमा रोजगार पाउन चाहनुहुन्छ भने




- "निर्दिष्ट प्राविधिक सीप (1)" प्राप्त गर्न आवश्यक अध्ययन गरेर परीक्षाको तयारी गरी विदेशमा आयोजित जापानी भाषा परीक्षा र प्राविधिक सीप परीक्षा उत्तीर्ण गर्नुहोस्। [2]

## 2.2 "निर्दिष्ट प्राविधिक सीप (1)"-को माध्यमबाट काम गर्नको लागि सर्तहरू

निर्दिष्ट प्राविधिक सीप (1)-को रूपमा काम गर्नको निम्ति आवेदकले निम्न मापदण्डहरू पूरा गरेको हुनुपर्छ।

1. 18 वर्ष वा सोभन्दा माथिको हुनुपर्छ
2. स्वास्थ्य अवस्था राम्रो हुनुपर्छ
3. जबरजस्ती देश निकालाको सहज कार्यान्वयनमा सहयोग गर्ने विदेशी सरकारद्वारा जारी राहदानी पाएको र आफूसँग भएको हुनुपर्छ
4. कुनै ग्यारेन्टी रकमको संकलन आदि नगरिएको हुनुपर्छ
5. कुनै विदेशी संस्थालाई खर्च भुक्तान गर्दैछन् भने त्यो भुक्तानी रकम र त्यसको विस्तृत विवरण पूर्ण रूपमा बुझेर त्यस संस्थासँग सहमत भएको हुनुपर्छ
6. जनशक्ति पठाउने देशमा पालना गर्नुपर्ने प्रक्रियाहरू तोकिएका छन् भने ती प्रक्रियाहरू पूरा गरेको हुनुपर्छ।
7. खाना खर्च र आवास शुल्क जस्ता विदेशी कामदारले नियमित रूपमा तिर्नुपर्ने लागतको बारेमा तिनी आफूले तिरेको रकम बापत प्रदान गरिने लाभहरूको विवरण राम्रोसँग बुझेर मात्र सहमत भएको हुनुपर्छ, साथै त्यो लागतको रकममा दिइने लाभहरू तिनको वास्तविक मूल्यबराबर वा उपयुक्त रकम भई, तिनको खर्च विवरण पत्र वा अन्य कागजातहरू उक्त कामदारलाई देखाइएको हुनुपर्छ।
8. आवेदन दिने उद्योग क्षेत्रसँग सम्बन्धित मापदण्डहरू पूरा गरेको हुनुपर्छ (※ प्रत्येक उद्योग क्षेत्राधिकार भएको मन्त्रालयले निर्धारित गरेको सूचनामा प्रावधान गरिनेछ)

[2] पर्यटन भिसामा जापानमा आएर बिल्डिंग क्लिनिंग क्षेत्रको आन्तरिक प्राविधिक सीप परीक्षा दिन पनि सकिन्छ।

# 3 बिल्डिंग क्लिनिंग क्षेत्रको "निर्दिष्ट प्राविधिक सीप (1)"

## 3.1 बिल्डिंग क्लिनिंग भनेको कस्तो काम हो?

### 3.1.1 सफाइ गर्ने ठाउँहरू

सपिङ मल, अस्पताल, होटल आदि विभिन्न ठाउँहरूको सफाइ गर्छौं।

सपिंग मल





अस्पताल







सफाइ गर्ने उपकरणहरू प्रयोग गरेर यी ठाउँहरू सफाइ गर्छौं।

होटल



कार्यालयहरू भएको भवन





विश्वविद्यालय





### 3.1.2 सफाइ गर्ने तरिका

पुछनु, बढार्नु, शौचालय र बेसिनको सफाइ गर्नु नै आधारभूत कामहरू हुन्।

झ्याल पुछने काम गर्दा झ्याल पुछेपछि कुनै फोहोर बाँकी रहेर बाहिरबाट हेर्दा फोहोर नदेखियोस् भनेर पर्याप्त सावधानी अपनाउनुपर्छ।
बढार्ने काम गर्दाखेरि वरिपरि फोहोर नछर्नेगरि सफाइ गर्ने जस्ता सावधानी अपनाउनुपर्छ।
शौचालय र बेसिनको सफाइ गर्दा सुरक्षात्मक पन्जा लगाउने जस्ता आफ्नो सरसफाइमा पनि ध्यान दिनुपर्छ।
साथै सफाइ गर्न प्रयोग हुने उपकरणहरूमा कीटाणु आदि वृद्धि हुन रोक्न सफाइ गर्ने ठाउँअनुसार फरक-फरक उपकरण प्रयोग गर्नु महत्त्वपूर्ण छ। (उदाहरण: शौचालयको सिट सफा गर्न प्रयोग गरेको कपडा अन्यत्र प्रयोग नगर्ने आदि)

खास प्रयोगको प्रयोजन भएका प्रत्येक सफाइ गर्न प्रयोग हुने उपकरणको नाम सम्झी, सफाइको प्रणाली सम्झी,

प्राविधिक सीप परीक्षा उत्तीर्ण हुन सक्नुहुन्छ।

## शौचालय र बेसिन



## झ्याल पुछ्ने



## भुइँ



### 3.1.3 बिल्डिंग क्लिनिंग कम्पनीको तलब

जापानको बिल्डिंग क्लिनिंग कम्पनीमा काम गर्दा तलब लगभग 1 लाख 70 हजारदेखि 1 लाख 90 हजार येन जति हुन्छ ।

**(सन्दर्भ) बिल्डिंग क्लिनिंग कम्पनीको रोजगार प्रस्तावको उदाहरण**

| | कम्पनी A (स्थायी कर्मचारी) | कम्पनी B (स्थायी कर्मचारी) |
|---|---|---|
| **स्थान** | ओसाका / आइची | कान्तो क्षेत्र |
| **तलब** | 1 लाख 70 हजार येन~<br>(भत्ताहरू रहित) | 2 लाख येन~<br>(ओभरटाइम भत्ता सहित) |
| **रोजगारदाता कम्पनीको आकार** | 1000 जनाभन्दा बढी कर्मचारीहरू | 500 जनाभन्दा बढी कर्मचारीहरू |
| **कल्याण** | यातायात खर्च भुक्तान गरिने,<br>सामाजिक बीमा र रोजगार बीमामा आबद्ध हुने | तलबी बिदा दिने, यातायात खर्च भुक्तान गरिदिने, काम गर्दा लगाउने पोसाक सापटी दिने, सामाजिक बीमामा आबद्ध हुने, जन्मदिन समारोह गरिने |

स्रोत: "आर्थिक रेइवा 3 साल बिल्डिंग क्लिनिंग क्षेत्रमा विदेशी मानव संसाधन स्वीकार गर्ने प्रणालीलाई अनुकूल पार्न गरिने सर्वेक्षण"

**जागिर खोज्दा रोजगार प्रस्तावको जानकारीमा लेखिएको तलब रकमलाई मात्र हेर्ने हो भने टोकियोमा भन्दा ग्रामीण क्षेत्रमा तलब कम हुन्छ। तर वास्तवमा ग्रामीण क्षेत्रमा दैनिक जीवनयापन खर्च र कोठा भाडा सस्तो हुनु जस्ता फाइदाहरू पनि छन्। त्यसैले वास्तवमा ग्रामीण क्षेत्रमा बसेर काम गर्दा खर्च कटौती गरेपछि बाँकी रहने पैसा बढी हुन पनि सक्छ।**

### 3.1.4 करियर वृद्धि

"निर्दिष्ट प्राविधिक सीप (1)" प्राप्त गरेको व्यक्तिले सफाइ कर्मचारीको रूपमा मात्र नभई लिडरको रूपमा काम गर्न र गर्न सक्छन्।
कम्पनीअनुसार करियर वृद्धि गर्ने विभिन्न चरणहरू हुन्छन्। उदाहरणको लागि करियर वृद्धि गर्ने यस्ता चरणहरू हुन सक्छन्।

चरण 1 हाकिमको निरीक्षण र निर्देशन लिंदै आफ्नो ज्ञानअनुसार सफाइ गर्नु
चरण 2 आफूभन्दा नयाँहरूलाई निर्देशन दिंदै आफैले पनि सफाइको काम गर्नु
चरण 3 प्राविधिक प्रशिक्षार्थीहरू र अन्य विदेशीहरूको निर्देशक/सल्लाहकारको जिम्मेवारी वहन गर्नु

चरण 4 साइटमा नेतृत्व लिएर भवनका मालिकहरू र मुख्यालयका कर्मचारीहरूसँग कुराकानी गर्नु

चरण 4 मा भएका ग्राहक अर्थात् भवनको मालिकसँग र जापानी कर्मचारीसँग कुराकानी गर्ने जस्ता जिम्मेवारी सम्पिइनको लागि जापानी भाषाको उच्च दक्षता हासिल गरेको हुनुपर्छ।
बिल्डिंग क्लिनिंग क्षेत्रमा काम गर्न थालेपछि पनि जापानी भाषाको अध्ययनलाई नछुटाईकन निरन्तरता दिइरहनुभयो भने करियर वृद्धिको सम्भवना बढ्नेछ।




### 3.1.5 जापानमा आएर बिल्डिंग क्लिनिंगको काम गरेकाहरूको अनुभव सुनौं

राष्ट्रियता: थाई पुरुष

- हामी 2, 3 जना कामदारहरू सँगै सफाइ गर्ने साइट (कार्यालय भवन)-मा जान्छौँ।
- साइटमा जाने यातायातको लागि कम्पनीको कार प्रयोग गरिन्छ, त्यसैले यातायातको कुनै समस्या छैन।
- म मेरो हालको तलबसँग सन्तुष्ट छु।
- मैले बिल्डिंग क्लिनिंगको काम परिवर्तन गरेर अर्को काम गर्ने विचार गरेको छैन।

राष्ट्रियता: भियतनामी पुरुष

- मैले कम्पनी कर्मचारीद्वारा प्राविधिक सीप परीक्षाबारे थाह पाएँ र 2 हप्ता जति अध्ययन गरेपछि परीक्षा पास गर्न सकेँ।
- कम्पनीका धेरै आफूभन्दा पुराना सहकर्मीहरू रमाइलो मान्छे हुनुहुन्छ र काम पनि रमाइलो छ।
- म चाँडो आफू तल काम गर्ने वा नयाँ सहकर्मीलाई काम सिकाउन सक्षम हुन चाहन्छु।

राष्ट्रियता: म्यानमार महिला

- म होटलमा बेड मेकिंगको काम गर्छु।
- पार्टटाइम कामदारले सफाइ गरेपछि चेक गर्ने जिम्मेवारी मलाई दिइएको छ।
- अन्ततः इन्स्पेक्सन (निरीक्षण)-को जिम्मेवारी हासिल गर्ने लक्ष्य राखेको छु।
- काम गर्ने साइटको म्यानेजर दयालु व्यवहार गर्नुहुन्छ र काम गर्दा रमाइलो हुन्छ।

### 3.1.6 **काम कसरी खोज्ने?**

जापानका बिल्डिंग क्लिनिंग कम्पनीहरूले आफ्नो होमपेजमा र सामाजिक सञ्जार सेवा (SNS) प्रयोग गरी रोजगार प्रस्ताव राख्ने गर्छन्। यदि तपाईँ जापानमा हुनुहुन्छ भने आफूलाई मन परेको कम्पनीमा आवेदन दिनुहोस्।

आफ्नो देश फर्किसके तापनि जनशक्ति प्रेषण संस्था तथा मानव संसाधन भर्ती कम्पनी आदिबाट रोजगारदाता कम्पनीको जानकारी लिएर रोजगारी खोज्ने व्यक्तिहरू पनि छन्।

(सन्दर्भ) बिल्डिंग क्लिनिंग क्षेत्रको रोजगार प्रस्ताव खोज्ने तरिका

उदाहरण 1: जापानी कम्पनीको होमपेज वा सामाजिक सञ्जार सेवा (SNS)–मा सिधै आवेदन दिनु

उदाहरण 2: मानव संसाधन प्रेषण संस्थालाई सम्पर्क गरी रोजगार प्रस्ताव छ कि छैन, सोध्नु

उदाहरण 3: निर्दिष्ट प्राविधिक सीप प्रणाली उपयोग गर्न चाहने विदेशीको रूपमा मानव संसाधन भर्ती कम्पनीमा दर्ता गर्नु

ASCF ビルクリーニング外国人材受入支援センター
Acceptance Support Center for Foreign talent

### 3.1.7 **बिल्डिंग क्लिनिंग क्षेत्रमा "निर्दिष्ट प्राविधिक सीप (1)" हासिल गर्न के गर्नुपर्छ?**

बिल्डिंग क्लिनिंग क्षेत्रको निर्दिष्ट प्राविधिक सीप (1)-को मूल्याङ्कन परीक्षा र जापानी भाषाको परीक्षा दिएर उत्तीर्ण हुनु आवश्यक छ।

जापानी भाषाको परीक्षा जापानी भाषा दीक्षान्त परीक्षा N4 वा जापान फाउण्डेशन आधारभूत जापानी भाषा परीक्षा मध्ये हुने एकमा उत्तीर्ण हुनु आवश्यक छ।

| | जापानी भाषा दीक्षान्त परीक्षा | निर्दिष्ट प्राविधिक सीप (1)-को मूल्याङ्कन परीक्षा |
|---|---|---|
| **प्रकार** | जापानी भाषा दीक्षान्त परीक्षा<br>https://www.jlpt.jp/<br><br>जापान फाउण्डेशन आधारभूत जापानी भाषा परीक्षा<br>https://www.jpf.go.jp/jft-basic/ | बिल्डिंग क्लिनिंग क्षेत्र निर्दिष्ट प्राविधिक सीप (1) को मूल्याङ्कन परीक्षा<br>https://www.j-bma.or.jp/examination |
| **कार्यान्वयन गरिने देशहरू** | जापान | जापान, इन्डोनेसिया, म्यानमार, फिलिपिन्स |
| **लिइने समय** | जापानी भाषा दीक्षान्त परीक्षा<br>वर्षमा 4 पटक लिइन्छ<br>जापान फाउण्डेशनद्वारा आधारभूत जापानी भाषा परीक्षा लिइन्छ<br>https://www.jpf.go.jp/jft-basic/ | वर्षमा 2～4 पटक (आर्थिक साल 2022) |

| | | |
|---|---|---|
| **परीक्षा नतिजा घोषणासम्मको अवधि** | लगभग 2 महिना | लगभग 1 महिना |
| **अन्य** | परिणाम प्रमाणपत्र जारी गर्नु आवश्यक परेमा जापानी भाषा दीक्षान्त परीक्षाको बारेमा https://www.jlpt.jp/certificate/index.html | भिसाको आवेदन दिन उत्तीर्ण प्रमाणपत्र आवश्यक छ।<br>मानव संसाधनको रूपमा काम गर्ने विदेशी नागरिकले पनि "उत्तीर्ण प्रमाणपत्र" जारी गर्नको लागि आवेदन दिन सक्छन् तर निर्दिष्ट प्राविधिक सीप (1)-को माध्यमबाट रोजगार दिने कम्पनीद्वारा आवेदन दिन सकिन्छ कि सकिंदैन, पक्का गर्नुहोस्।<br><br>निर्दिष्ट प्राविधिक सीप (1)-को माध्यमबाट रोजगार दिने कम्पनीले उत्तीर्ण प्रमाणपत्र जारी दस्तुर 14,300 येन (कर सहित) भुक्तानी गर्नेछ। |

अब उप्रान्तको परीक्षा लिइने योजनाको बारेमा जापान बिल्डिंग मेन्टिनेन्स संघको तलको वेबसाइट हेरेर पक्का गर्न सक्नुहुन्छ।

https://www.j-bma.or.jp/qualification-training/zairyu

### 3.1.8 परीक्षाको लागि कसरी अध्ययन गर्ने?

परीक्षाको तयारीको लागि समर्पित पाठ्यपुस्तक छ र बिल्डिंग क्लिनिंगको कामबारे राम्रोसँग थाह पाउनको लागि भिडियो आदि छन्। ती सामग्रीहरूलाई सन्दर्भको रूपमा प्रयोग गरौं!

जापान बिल्डिंग मेन्टिनेन्स संघले प्रकाशित गर्ने परीक्षाको तयारीको लागि पाठ्यपुस्तक
**बिल्डिंग क्लिनिंग निर्दिष्ट प्राविधिक सीपको मूल्याङ्कन परीक्षा पाठयपुस्तक (ई-बुक संस्करण)**

**(जापानी भाषा र अरू 7 वटा भाषा)**

(तलको URL वा QR कोडबाट हेर्न सक्नुहुन्छ।)

https://www.j-bma.or.jp/qualification-training/zairyu

**निर्दिष्ट प्राविधिक सीप परीक्षाको संक्षिप्त जानकारीबारे चर्चा गर्ने भिडियो**

(तलको URL वा QR कोडबाट हेर्न सक्नुहुन्छ।)

https://www.youtube.com/watch?v=qA0qVg408nM

### 3.1.9 बिल्डिंग क्लिनिंग प्राविधिक सीप परीक्षाको विषयवस्तु

बिल्डिंग क्लिनिंग प्राविधिक सीप परीक्षामा निर्धारण परीक्षा र प्रयोगात्मक सीप परीक्षा हुन्छन्। विगतका केही परीक्षा प्रश्नहरू यहाँ दिइएका छन्।

**निर्धारण परीक्षाको उदाहरण (परीक्षा जापानी भाषामा लिइनेछ)**

(तलको URL वा QR कोडबाट हेर्न सक्नुहुन्छ।)

https://www.j-bma.or.jp/wp-content/uploads/2019/12/2019tokutei_mondai_v2.pdf

**प्रयोगात्मक सीप परीक्षाको उदाहरण (परीक्षा जापानी भाषामा लिइनेछ)**


परीक्षा केन्द्रमा सफाइ गर्न प्रयोग हुने उपकरणहरू तयार पारिएका हुन्छन्।
परीक्षामा परीक्षार्थीले ती उपकरणहरू प्रयोग गरेर निम्न कार्यको केही अंश वास्तविक रूपमा गर्नेछन्।

(तलको URL वा QR कोडबाट हेर्न सक्नुहुन्छ।)

https://www.j-bma.or.jp/wp-content/uploads/2022/01/2021%E5%AE%9F%E6%8A%80%E8%A9%A6%E9%A8%93%E5%95%8F%E9%A1%8C_%E6%97%A5%E6%9C%AC%E8%AA%9E-%E8%B3%87%E6%A9%9F%E6%9D%90%E5%85%A5%E3%82%8Afix.pdf

# 4 जापानमा प्रवेश गर्न र जीवनयापन गर्नको लागि दिइने समर्थनको परिचय

तपाईं "निर्दिष्ट प्राविधिक सीप (1)"-को माध्यमबाट काम गर्ने खण्डमा जापानमा प्रवेश गर्ने र जीवनयापन गर्ने सम्बन्धमा निम्न सहयोग लिन सक्नुहुनेछ।




रोजगार दिने कम्पनी र त्यस कम्पनीसँग सम्बद्ध दर्ता सहयोग संघ-संस्थाले तपाईँलाई निम्न समर्थन दिनेछ।

1. तपाईँले रोजगार दिने कम्पनीसँग सम्झौता गरिसकेपछि बसोबास योग्यताको आवेदन दिनुभन्दा पहिले कम्पनीलाई "सम्झौता विवरण र दिइने कामको विवरण" आदिबारे व्याख्या गरिमाग्न सक्नुहुन्छ।
2. तपाईं जापान आइपुग्दा कम्पनीको मान्छेले एयरपोर्टमा तपाईँलाई लिन आई अफिस र घरसम्म पुऱ्याउनेछन्। साथै तपाईं आफ्नो देश फर्किने बेला कम्पनीको मान्छे एयरपोर्टको सुरक्षा जाँचसम्म तपाईँको साथमा हुनेछन्।
3. कम्पनीको मान्छे तपाईं बस्ने घरको ग्यारेन्टर हुनेछन् अथवा तपाईँलाई कम्पनीको घर (कम्पनीको फ्ल्याट)-मा भाडामा बस्न दिइनेछ। साथै तिनले बैंक खाता बनाउन, मोबाइल फोन, बिजुली र ग्यासको करार गर्न मदत दिनेछन्।
4. कम्पनीको मान्छेले तपाईँलाई जापानमा चलिरहने नियमहरू र शिष्टाचारबारे सिकाउनेछन्। अनि बस र ट्रेन प्रयोग गर्ने तरिका, भूकम्प जस्ता विपद् आइपर्दा के गर्नु हुन्छ भन्नेबारे सिकाउनेछन्।
5. तपाईं नगर कार्यालयमा र कर सम्बन्धी प्रक्रियाहरू गर्दा कम्पनीको मान्छे तपाईं सँगै गएर साथ दिनेछन्। अनि प्रक्रियाको फारमहरू भर्ने बेला तपाईँलाई सघाइदिनेछन्।
6. कम्पनीको मान्छेले तपाईँलाई जापानी भाषा पढ्नको लागि विद्यालयको जानकारी दिनेछन्।
7. तपाईँलाई कुनै समस्या छ भने तपाईँको आफ्नै भाषामा परामर्श गर्न र सल्लाह लिन सक्नुहुनेछ।
8. कम्पनीको मान्छेले तपाईँलाई नजिकै ठाउँमा मनाइने चाडपर्वमा जान बाटो देखाउनेछन् र तपाईँको लागि छिमेकी जापानी नागरिकहरूसँग कुरा गर्ने अवसर बनाइदिनेछन्।
9. जब तपाईँलाई कम्पनी छोड्न भनियो, कम्पनीले तपाईँलाई अर्को जागिर खोज्न मदत गर्नेछ।
10. कम्पनीद्वारा समर्थन दिने कामको नेतृत्व लिने व्यक्तिसँग तपाईं नियमित रूपमा मिटिङ गर्नुहुनेछ। यदि कामको कुनै समस्या भयो भने तिनीसित परामर्श लिन सक्नुहुनेछ।

स्रोत: न्याय मन्त्रालय "निर्दिष्ट प्राविधिक सीप गाइडबुक" (विदेशी नागरिकको लागि)

# 5 निष्कर्ष

जापानको बिल्डिंग क्लिनिंग भनेको यस्तो कार्य हो, जसले भवन भित्रको वातावरणलाई स्वच्छ र सफा राखी स्वास्थ्यको पक्षबाट मानिसहरूको दैनिक जीवनलाई समर्थन गर्छ। स्वच्छ र सफा वातावरण सिर्जना गरी ग्राहकलाई स्वागत गर्ने यस्तो "आतिथ्य" अब संसारमै गर्व गर्न सकिने 'संस्कृति' र 'व्यवसाय' बनेको छ। तर वास्तवमा त्यो नयाँ व्यवसाय नै हो जसको सुरुवात सन् 1950 उप्रान्त मात्र भएको हो र जसको इतिहास केवल आधा शताब्दी पुरानो छ।

यस नयाँ व्यवसाय "बिल्डिङ क्लिनिङ" सीपको दक्षता जापानमा हासिल गरी व्यवसायको प्रयोगात्मक ज्ञान पनि सिक्नुभए कसो होला ताकि तपाईंको स्वदेशलाई अझ सुन्दर र स्वच्छ बनाउन र त्यहाँका मानिसहरूको जीवनलाई अझ स्वस्थ बनाउन सक्नुहुनेछ।

जापान पनि एउटा एसियाली देश हो। अहिलेसम्म खेती गर्दै आएको "सफाइको सौन्दार्य सम्बन्धी आदर्श" –लाई एसियामा पनि गर्व गर्न सक्ने 'संस्कृति' बनाई अनि डिजिटल रूपान्तरणद्वारा यस "सफाइ उद्योग "–लाई अझै विकास गराएर एसियामा सुरुवात भएको र संसारलाई जित्ने 'व्यवसाय' बनाउन सँगै यस कामलाई अघि बढाऔँ।

तपाईंहरू यस्ता 'संस्कृति' र 'व्यवसाय' सिकिसकेपछि "निर्दिष्ट प्राविधिक सीप" हासिल गर्ने मात्र नभई "आफ्नो देशमा वातावरण व्यवसाय सुरुवात गर्ने," आफूले सिकेका कुराहरू आफ्नो देशमा सिकाएर सँगै विकास गर्ने समाज सिर्जना गर्नुहोस् भन्ने अपेक्षा गर्दै छौँ।